१०५

# श्री राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. १९७/१३८/२०६९/०७०

माणी गुम्बा समितिका संस्थापक अध्यक्ष जोखेमान बल ........................................१ पुनरावेदक

**विरूद्ध**

सूचना अधिकारी, गृह मन्त्रालय ....................................................................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, बारा ..................................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

माणी गुम्बा समितिका संस्थापक अध्यक्ष जोखेमान बलले जिल्ला बारा हलखोरियामा निर्माण भएको गुम्बा र स्तुपा गुरु आसन ठी लगायत जिल्ला वन कार्यालय सिमराले भत्काई ध्वस्त पारेकोले सो सम्बन्धमा सूचना पाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वन मन्त्रालय, वन विभाग, जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला वन कार्यालयमा निवेदन तर्दा तत् तत् निकायबाट सूचना नपाएपछि सूचना उपलब्ध गराई पाउँ भनी यस आयोगमा विभिन्न मितिमा पुनरावेदन गरेको सम्बन्धमा आयोगबाट मिति २०७०।०१।०४ गते सूचना उपलब्ध गराउनु भन्ने आदेश दिएको र पुनरावेदकले माग गरेको सूचना विभिन्न निकायहरुले उपलब्ध गराईसकेको जानकारी समेत आयोगलाई दिएको साथै यस आयोगको मिति २०७०।२।१४ को आदेश बमोजिम लगत कट्टा समेत भै सकेको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ................ | ................ | ................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।